आज मिति २०८२ साल कार्तिक २० गते बिहिबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. ०८२/८३ को चौथो बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका- २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका- ३

वडा अध्यक्षः श्री खेसम तमाङ, कालिका- ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका- ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सदस्य सचिवः श्री कृष्ण बहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित**

लेखा अधिकृत श्री वाचस्पति सुनुवार

शिक्षा अधिकृत श्री नमराजप्रसाद बडु

एम.आई.एस. अपरेटर श्री नवराज पौडेल

बरिष्ठ सहायक श्री प्रेम प्रसाद [illegible]

[illegible] श्री [illegible] न्यौपाने

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

## प्रस्ताव तथा छलफलका विषयहरू:

१. स्वयंसेवक खेलकुद प्रशिक्षक नियुक्ति गर्ने सम्बन्धमा।

२. अध्ययनको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

३. घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।

४. मौरीघार वितरण गर्ने सम्बन्धमा ।

५. लेखा समितिको निर्णय सम्बन्धमा ।

६. विशेष गाउँ सभा सम्बन्धमा ।

७. श्री कालिका हिमालय मा.वि. कालिका-२, रसुवाको स्कुल बस चालक नियुक्ति सम्बन्धमा ।

८. विविध ।

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कालिका गाउँपालिका, रसुवाभित्रका सामुयायिक विद्यालयका विद्यार्थीहरु तथा खेलाडीहरुको प्रशिक्षणको लागि तपसिल बमोजिमका स्वयंसेवक खेलकुद प्रशिक्षक नियुक्तीको लागि स्वयंसेवक कर्मचारी परिचालन सम्बन्धी कार्यविधि, २०७९ अन्तरगत गठन हुने निर्देशक समितिलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

१. स्वयंसेवक भलिबल प्रशिक्षक-१(एक) जना ।

२. स्वयंसेवक कराँते प्रशिक्षक-१(एक) जना ।

३. स्वयंसेवक तेक्वान्दो प्रशिक्षक-१(एक) जना ।

**निर्णय नं २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धैबुङ, रसुवामा कार्यरत लेखा अधिकृत(अधिकृतस्तर सातौं) श्री गोपी पराजुलीले स्नातक तह(LLB) अध्ययनका लागि मिति २०८२/०७/१४ गते दिनु भएको निवेदन अनुसार कार्यालयको कामकाजमा कुनै पनि असर नपर्ने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम कालिका गाउँपालिका वडा नं ३, रसुवा स्थायी ठेगाना भएको श्री नाति बाजे कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.लि.ले दिएको निवेदन उपर प्राविधिक समितिबाट आवश्यक कागजात जाचबुझ गरी कार्यविधि बमोजिम इजाजत पत्र उपलब्ध गराउन सिफारिस भै आएको हुँदा उक्त श्री नाति बाजे कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.लि., कालिका-३, रसुवालाई "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. ०८२/८३ मा कृषि तर्फ प्रास वार्षिक स्वीकृत कार्यक्रम अनुसार मौरी प्रवर्द्धन कार्यक्रममा रु. ८ लाख विनियोजन भै प्राप्त भएको र वागमती प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार बढीमा ८० प्रतिशतसम्म अनुदान सहयोग गर्न सकिने व्यवस्था

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

भएकोमा गाउँपालिका तर्फबाट ७० प्रतिशत अनुदान सहयोगमा मौरीगोला सहितको मौरीघार वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा लेखा समितिका सदस्य सचिवबाट लेखा समितिको निर्णय प्रतिलिपिसहित मिति २०८२ कार्तिक १६ को च.नं ०३ को प्राप्त पत्रको सम्बन्धमा देहाय बमोजिम गर्ने र उक्त निर्णयलाई अनुमोदनका लागि आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

- लेखा समितिको मिति २०८२ कार्तिक १६ गतेको निर्णय र आ.व २०८१/०८२ को प्रारम्भिक लेखा परीक्षणको दफा १४ को सम्बन्धमा बृहत छलफल गर्दा गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरीय बनाउन O & M survey नगरी करारमा कर्मचारी पदपूर्ति गरिएको भए तापनि कुनै सरकारी सम्पत्ति उपर हानी नोक्सानी नभएको, अनियमितता नभएको र सरकारलाई आर्थिक जोखिममा नपारेकोले हुँदा आगामी दिनमा सरकारी सम्पत्तिमा आर्थिक भार र जोखिम नपार्ने गरी लेखा समितिको निर्णयबमोजिम O and M survey गरी कर्मचारी भर्ना तथा नियुक्ति व्यवस्था मिलाउने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको दफा १४ को बेरुजु लगत कट्टाका लागि गाउँसभामा छलफल तथा अनुमोदनका लागि पेस गर्दै महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।
- लेखा समितिको मिति २०८२ कार्तिक १६ गतेको निर्णय र आ.व २०८१/०८२ को प्रारम्भिक लेखा परीक्षणको दफा ३२ को सम्बन्धमा बृहत छलफल गर्दा गाउपालिकाबाट गैर सरकारी संस्थाबाट निर्माण कार्य उपभोक्ता समितिको शैलीमा गरेको हुँदा खर्च नियमित गर्नुपर्ने भनी बेरुजु औल्याएकोमा निर्माण कार्य गर्दा सरकारी सम्पत्तिको कुनै हिनामिना नभएको, दुरुपयोग नभएको, आर्थिक अनियमितता नभएको हुँदा आगामी दिनमा गैरसरकारी संस्थाबाट कार्य नगर्ने नगराउने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको दफा ३२ को बेरुजु लगत कट्टाका लागि गाउँसभामा छलफल तथा अनुमोदनका लागि पेस गर्दै महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा लेखा समितिबाट गाउँ कार्यपालिका समक्ष पेश गरेको प्रतिवेदन सम्बन्धमा आवश्यक छलफल सहित अनुमोदन गराउने कार्यका लागि तपशिलको मिति, स्थान र समयमा तेस्रो विशेष गाउँ सभा आयोजना गर्ने निर्णय गरियो।

**तपशिल**

मिति : २०८२/०८/१५

स्थान : कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धैबुङ, रसुवा ।

समय : विहान ११:०० बजे

**निर्णय नं ७**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कालिका गाउँपालिका अन्तरगत रहेको श्री कालिका हिमालय मा.वि. कालिका-२, रसुवामा स्कुल बस चालक पदमा कार्यरत हेभी सवारी चालक श्री प्रमित स्याङ्वा आफ्नो व्यक्तिगत तथा पारिवारिक कारण देखाइ राजिनामा दिनु भएको र निजको राजिनामा समेत स्वीकृत भएको हुँदा निजको स्थानमा कालिका गाउँपालिका-२, रसुवा स्थायी निवासी श्री अमृत स्याङ्वालाई मिति २०८२ मंसिर ०१ देखि करार सम्झौता गराई कामकाज लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल

निर्णय नं ८ विविध

विविध १

प्रस्ताव नं. ८ विविध १ माथि छलफल गर्दा अध्यक्ष विकास कार्यक्रम शिर्षकबाट कालिका-४ रुप्सेपानीको उपल्लो रुप्सेपानी महाङ्काली पञ्चेबाजा समूह लाई बाजा सामाग्री खरिद वापत रु. १,५०,०००/-(एक लाख पचास हजार मात्र) अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

विविध २

प्रस्ताव नं. ८ विविध २ माथि छलफल गर्दा मिति २०८२ साल असार १५ गते गाउँपालिकाद्धारा आयोजित राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव २०८२ कार्यक्रमको खर्च रकम मध्ये स्रोत अभावका कारण भुक्तानी बाँकी रहेको रु. १,५०,०००।– समन्वय गर्ने संस्था रेडियो लाङ्टाङ ९०.३ मेगाहर्ज कालिका-२, रसुवालाई चालु आ.व. २०८२/०८३ को स्विकृत अध्यक्ष विकास कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३